# सर्वोच्च अदालत

सर्वोच्च अदालत र मातहतका समेत १०४ कार्यालयको यो वर्ष विनियोजन रु. ३ अर्ब ५६ करोड ३८ लाख, राजस्व रु. ८५ करोड ८० लाख र धरौटी रु. ३ अर्ब ९८ करोड ४७ लाखसमेत रु. ८ अर्ब ४० करोड ६५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **सञ्चित कोष दाखिला** - नेपालको संविधानको धारा ११६ मा गुठी रकमबाहेक नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारका राजस्व संघीय ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाँधिने व्यवस्था छ । जिल्ला अदालत नियमावली, २०५२ को नियम ७० मा तहसिल कार्यका लागि डोरमा खटिई असुल गरी ल्याउने कर्मचारीले असुलीको २५ प्रतिशत र तहसिलदारले ५ प्रतिशतसमेत ३० प्रतिशत प्रोत्साहन स्वरूप पाउने उल्लेख छ । यो वर्ष लेखापरीक्षण छनौटमा परेका काठमाडौं, ललितपुर, भक्तपुर र महोत्तरी जिल्ला अदालतबाट क्रमशः रु.२ करोड ६९ हजार, रु.१९ लाख ६ हजार, १३ लाख ८४ हजार र रु.३ लाख ७८ हजारसमेत रु.२ करोड ३७ लाख ३७ हजार डोर असुली गरेकोमा सोको ७० प्रतिशत सञ्चित कोष दाखिला गरी ३० प्रतिशत रकम कर्मचारीहरुलाई प्रोत्साहन खर्च भुक्तानी गरेको पाइयो । उल्लिखित प्रोत्साहन रकम नियमावलीको व्यवस्थाबमोजिम भुक्तानी गरे तापनि प्राप्त भएको रकम राजस्व दाखिला नगरी खर्च गर्दा राजस्व तथा विनियोजन खर्चको आर्थिक विवरणले यथार्थ स्थिति चित्रण नगरेको अवस्था छ । विनियोजन ऐनबमोजिम निकासा प्राप्त गरी भुक्तानी गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा आगामी दिनमा प्रोत्साहन रकमको लागि अर्थ मन्त्रालयसँग अनुरोध गरी सो अनुरुप खर्च व्यवस्थापन गरिने प्रतिक्रिया प्राप्त भएको छ ।

२. **प्राविधिक सहायता** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । प्राविधिक सहायता सम्बन्धी विवरणमा कानुनी शासनको विकास तथा मानव अधिकार संरक्षण कार्यक्रमको लागि राष्ट्रसंघीय शान्ति कोष र राष्ट्रसंघीय विकास कार्यक्रमबाट रु.६७ करोड९९ लाख ५४ हजार प्राप्त हुने उल्लेख भएकोमा लेखापरीक्षणको लागि पेश गरेको छैन । उक्त रकममध्ये राष्ट्रसंघीय विकास कार्यक्रम अन्तर्गतको २०७२।९।१५ सम्मको सहायता रु.२५ करोड ३७ लाख ८ हजारको दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पेश हुन आएको छ ।

- **बेरुजू स्थिति -** अदालत र मातहतका समेत ४१ निकायमा यो वर्ष रु. १५ करोड ५७ लाख ६४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ९ निकायले रु. २० लाख ८५ हजार फछ्र्यौट गरेकोले रु. १५ करोड ३६ लाख ७९ हजार बाँकी रहेको छ । सोमध्ये रु. ११ करोड ५६ लाख ३ हजार पेश्की बाँकी रहेको छ ।